नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

# सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिमको आ.व २०८०/८१ को चौंथो त्रयमाश-आषाढ मसान्त २०८१ को विवरण

**क. निकायको स्वरुप र प्रकृतिः**

कम्पनी ऐन, २०६३ वमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम नेपाल राष्ट्र बैंकवाट बैकिङ्ग कारोवार संचालन गर्न "क" वर्गको ईजाजत प्राप्त बैंक ।

**ख. निकायको काम, कर्तव्य र अधिकारः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको प्रवन्धपत्रमा व्यवस्था भए वमोजिमका काम, कर्तव्य र अधिकार ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विभाजन :**

कार्यरत कर्मचारी संख्या ९४३ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद बैंकको वेवसाईट nsbl.statebank वाट जानकारी लिन सकिन्छ ।

**घ. निकायवाट प्रदान गरिने सेवा :**

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम "क" वर्गको ईजाजतपत्र प्राप्त बैंकले प्रदान गर्ने सम्पूर्ण सेवाहरु ।
- प्रचलित धितोपत्र सम्बन्धी कानून बमोजिम धितोपत्रको निक्षेप सदस्यले (बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडसँगको सहकार्यमा) प्रदान गर्ने सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार पदाधिकारीः**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट वाट जानकारी लिन सकिन्छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सँग सम्बन्धित आवश्यक अन्य सम्पूर्ण विषय बस्तुहरु यस बैंकको वेवसाईटमा प्रकाशित गरिएको छ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

कारोवारका सम्वन्धमा शाखा प्रवन्धक, प्रादेशिक कार्यालय प्रमुख, बिभागीय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । बैंकको दैनिक कार्य संचालनसँग सम्बन्धित विषयमा प्रवन्ध संचालक (प्रमुख कार्यकारी अधिकृत) तथा बैंकको समष्टिगत कार्यसंचालनसँग सम्बन्धित विषयमा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**ज. निर्णयउपर उजुरी सुन्ने अधिकारीः**

बैंकको काम कारोवार तथा बैंकले प्रदान गर्ने/गरेको सेवाको सम्वन्धमा ग्राहकहरुले कुनै किसिमको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रिय स्तरमा बैंकको मुख्य प्रबन्धक पदमा कार्यरत **श्री सुरज मानन्धर** लाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम, ठेगाना यस प्रकार रहेको छ ।

**श्री सुरज मानन्धर**

पदः मुख्य प्रवन्धक

नेपाल एसबिआई बैंक लिमिटेड

प्रधान कार्यालय, काठमाडौं,

फोन नंः +९७७ ०१ ४४३५६१३ /५९७०३३३

ईमेलः operation@nsbl.com.np / suraj.manandhar@nsbl.com.np

**झ. सम्पादन गरेको कामको विवरणः**

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम “क” वर्गको ईजाजतपत्र प्राप्त बैंकले प्रदान गर्ने सम्पूर्ण सेवाहरु ।
- प्रचलित धितोपत्र सम्बन्धी कानून बमोजिम धितोपत्रको निक्षेप सदस्यले (बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेडसंगको सहकार्यमा) प्रदान गर्ने सेवाहरु ।

**ञ. सूचना अधिकारीको नाम र पदः**

बैंकको काम कारोवारका सम्वन्धमा आवश्यक सूचना प्रदान गर्न तपशिल वमोजिमको अधिकारीलाई तोकिएको छ ।

**श्री रितेश अर्याल**

पदः मुख्य प्रवन्धक

नेपाल एसबिआई बैंक लिमिटेड

प्रधान कार्यालय, काठमाडौं,

सम्पर्क नं.:- +९७७-९८५१३६६१५२

ईमेलः ritesh.aryal@nsbl.com.np

साथै, यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**ट. ऐन, नियम, विनियम, वा निर्देशिकाको सूची :**

बैंकले व्यवसाय संचालनका क्रममा पालना गर्नुपर्ने देहाय बमोजिमका ऐन, नियम, बिनियम र निर्देशिकाहरु पालना गर्ने गरेको छ ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३

२. नेपाल राष्ट्र बैंक ऐन, २०५८

३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

४. कम्पनी ऐन, २०६३

५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४

६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) ऐन, २०६४

७. धितोपत्र सम्बन्धी ऐन, २०६३

८. सुरक्षित कारोवार ऐन, २०६३

९. मुलुकी देवानी संहिता, २०७४

१०. मुलुकी देवानी कार्यविधी संहिता, २०७४

११. विनिमय अधिकारपत्र ऐन, २०३४

१२. विदेशि विनिमय (नियमित गर्ने) ऐन, २०१९

१३. श्रम ऐन, २०७४

१४.योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

१५.आयकर ऐन, २०५८

१६.मुल्य अभिवृद्धि कर ऐन, २०५२

१७. आर्थिक ऐन, २०८०

१८. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु

१९. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु

२०. नेपाल राष्ट्र बैंकबाट समय समयमा स्वीकृत भई लागु भएका कर्मचारी सेवा, आर्थिक प्रशासन, कर्जा अपलेखन सम्बन्धी बैंकका विनियमहरु

२१. बैंकिङ्ग कारोवारका क्रममा पालन गरिनुपर्ने अन्य प्रचलित नेपाल कानून

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारेवार सम्बन्धी अद्यावधिक विवरणः**

बैंकले आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमाशिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गर्दै आएको छ । साथै सो सम्बन्धी विवरण बैंकको वेवसाईटवाट समेत प्राप्त गर्न सकिनेछ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना देहाय वमोजिम रहेको छ ।

**श्री दीपक कुमार दे**

प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत

नेपाल एसबिआई बैंक लि.

कमलादी, काठमाडौं

फोन नं. +९७७ ०१ ४४३५६१३ /५९७०३३३

**ढ. सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरणः**

**१. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,**

यस बैंकले बैकिङ्ग कारोवार तथा धितोपत्रको निक्षेप सेवा सम्बन्धी कार्य गर्दै आएको छ, त्यसदेखि वाहेक विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**२. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरणः**

nsbl.statebank

**३. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

यस बैंक तथा बैंकको विदेशी संस्थापक भारतीय स्टेट बैंक, मुम्बई, भारतसँग यस बैंकको व्यवस्थापन सम्बन्धमा बैंकको स्थापनाकालदेखि प्राविधिक सेवा सम्झौता भई उक्त सम्झौता बमोजिम भारतीय स्टेट बैंकले यस बैंकको उच्च व्यवस्थापकीय पदमा कर्मचारी खटाँउदै आएको ।

**४. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**

यस बैंकले बैकिङ्ग कारोवार तथा धितोपत्रको निक्षेप सेवा सम्वन्धि कार्य गर्दै आएको छ, त्यसदेखि वाहेक विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन । बैंकको त्रैमासिक व्यवसायिक कारोवार/प्रगती प्रतिवेदन/विवरण बैंकको वेवसाइट nsbl.statebank बाट प्राप्त गर्न सकिनेछ ।

**५. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

यस बैंकले सूचनाको कुनै वर्गिकरण नगरेको । सूचनामा अनाधिकृत पहुँच र सो को अनाधिकृत प्रशारण नहुने गरी प्रचलित कानून बमोजिम सूचनाको संरक्षण गरिएको ।

**६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

यस आर्थिक वर्ष (२०८०/८१) को चौथो त्रयमाश (२०८० चैत्र देखि आषाढसम्म) यस बैंकमा सूचना माग सम्बन्धी कुनै निवेदन नपरेको ।

**७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**

बैंकले वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा बैंकको वेवसाईटमा समेत प्रकाशन गर्दै आएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमाशिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।